कृषि तथा वन विज्ञान विश्वविद्यालय
कृषि संकाय
डीनको कार्यालय
रामपुर, चितवन, नेपाल

फोन : ०५६-५२०६०२
फ्याक्स नं. : ०५६-५२६०१४

मितिः २०७०/०६/११

# कृषि स्नातक (B.Sc.Ag.) तहको भर्ना सम्वन्धी सूचना

शैक्षिक सत्र २०७०/०७१ का लागि यस विश्वविद्यालय अन्तर्गत कृषि स्नातक (B.Sc.Ag.) तहको शैक्षिक कार्यक्रममा अध्ययन गर्न चाहने आवश्यक न्यूनतम शैक्षिक योग्यता पुगेका विद्यार्थीहरुको लागि आवेदन दिन तथा भर्ना सम्वन्धी कार्यक्रम देहाय बमोजिम भएको व्यहोरा जानकारी गराईन्छ । आवेदकले आवेदन फाराम साथ आफ्नो शैक्षिक योग्यताको प्रमाणपत्र, लब्धाङ्क पत्र, चारित्रिक प्रमाणपत्र र नागरिकताको प्रमाणपत्रको प्रतिलिपीहरु र हालसालै खिचेको पासपोर्ट साइजको फोटो ३ (तीन) प्रति संलग्न गर्नु पर्नेछ । साथै त्रिभुवन विश्वविद्यालयका बाहेक अन्य विश्वविद्यालयवाट प्रमाणपत्र तह उत्तीर्ण गर्ने आवेदकहरुले समानस्तर निर्धारणको प्रमाण र मुल प्रमाणपत्र (Certificate) वा अस्थायी प्रमाणपत्र (Provisional Certificate) को प्रतिलिपी समेत पेश गर्नुपर्नेछ ।

१) **आवश्यक न्युनतम शैक्षिक योग्यता** : एस. एल. सी. वा सो सरहको परीक्षा उर्त्तीण भई आई.एस्सी (विज्ञान/कृषि), १०+२ विज्ञान/कृषि वा सो सरहको तहमा कम्तीमा १०० पूर्णाङ्कको अंग्रेजी, केमेष्ट्री र बायोलोजी र कम्तीमा ५० पूर्णाङ्कको गणित र फिजिक्स विषय अध्ययन गरी कुल प्राप्ताङ्कको ५०% अङ्क प्राप्त गरि उर्त्तीण भएको हुनुपर्नेछ ।

२) **आवेदन फाराम शूल्कः** रु.५००/- (पाँच सय रुपैया) मात्र लाग्नेछ ।

३) **प्रवेश परीक्षा शूल्कः** रु. १५०० (पन्ध सय रुपैया) मात्र लाग्नेछ ।

४) **आवेदन फाराम वितरण र वुझाउने मिति र स्थानः** मिति २०७० असोज १३ गतेदेखी २०७० मंसिर ९ गते कार्यालय समयभित्र (विदाको दिन बाहेक) डीनको कार्यालय, कृषि संकाय, रामपुर, केन्द्रीय कार्यालय, भरतपुर र सर्म्पक कार्यालय, मिनभवनवाट आवेदन फाराम लिन र बुझाउन सकिनेछ । मिति २०७० मंसिर १० गतेदेखी २०७० मंसिर १६ गते कार्यालय समयभित्र (विदाको दिन बाहेक) प्रवेश परीक्षा शुल्कको दोब्वर शुल्क तिरी डीनको कार्यालय, कृषि संकाय, रामपुर, केन्द्रीय कार्यालय, भरतपुर र सर्म्पक कार्यालय, मिनभवनवाट आवेदन फाराम लिन र बुझाउन सकिनेछ । साथै यस विश्वविद्यालयको वेभसाइट **www.afu.edu.np** बाट आवेदन फाराम **Download** गर्न सकिनेछ । त्यस्ता आवेदन बापत नियमानुसार लाग्ने शुल्क फाराम दर्ता गराउने समयमा बुझाउनु पर्नेछ ।

५) संलग्न हुनुपर्ने आवश्यक कागजात अपुग भएको वा हुलाकवाट पठाईएको वा अन्य ठाउमा दर्ता गरिएको वा वुझाएको वा अन्य माध्यमवाट पठाएको आवेदन फाराम उपर कुनै कारर्वाही गरिने छैन ।

**६) प्रवेश परीक्षा हुने मिति र स्थानः**

२०७० मंसिर २२ गते विहान ११:०० बजे । डीनको कार्यालय, कृषि संकाय, रामपुर, चितवन ।

**७) प्रवेश पत्र वितरण मिति र स्थानः**

२०७० मंसिर २२ गते बिहान ७:०० बजे देखि १०:०० बजेसम्म । डीनको कार्यालय, कृषि संकाय, रामपुर, चितवन ।

**८) भर्नाको नामाबली प्रकाशन मितिः**

क) भर्नाको लागि प्रथम नामावली २०७०/८/२३ गते प्रकाशित गरिनेछ ।

ख) स्थान खाली रहन आएमा २०७०/८/२६ गते दोश्रो नामावली प्रकाशित गरिनेछ र दोश्रो नामावलीमा परेका विद्यार्थीहरुले २०७०/८/२८ गते कार्यालय समयसम्ममा भर्ना भैसक्नु पर्नेछ ।

ग) स्थान खाली रहन आएमा २०७०/९/०1 गते तेश्रो नामावली प्रकाशित गरिनेछ । तेश्रो तथा अन्तिम नामालीमा परेका विद्यार्थीहरुले २०७०/९/०३ गते कार्यालय समयसम्ममा भर्ना भैसक्नु पर्नेछ ।

९) **भर्नाको आधारः** प्रवेश परीक्षाको प्राप्ताङ्क ८०% प्रमाणपत्र तहको प्राप्ताङ्कको प्रतिशतलाई १०% र एस.एल.सी.को प्राप्ताङ्कलाई १०% अङ्क भार दिइनेछ । सोको आधारमा योग्यता क्रमको सूची तयार गरी योग्यताको क्रम अनुसार नै भर्नाको लागि नामावली प्रकाशित गरिनेछ । प्रवेश परीक्षाको उर्त्तिर्णाङ्क ५०% हुनेछ ।

१०) प्रमाणपत्र तहको पाठ्यक्रमवाट निम्न बिषयहरु र प्रश्न संख्या प्रवेश परीक्षाको प्रश्नपत्रमा समावेश गरिनेछ र सवै प्रश्नहरु बहुछनौटिय बस्तुगत किसिम (Multiple Choice Objective Type) को हुनेछ । साथै परीक्षा समय एक (१) घण्टाको हुनेछ ।

क) अग्रेजी - १२ ख) केमेष्ट्री - १२ ग) फिजिक्स- १२ घ) बोटानी-१२

ङ) जुलोजी-१२ च) गणित-१२ र छ) सामाय ज्ञान र कृषि - ८

११) छात्रा, अपाङ्ग, दलित, जनजाती, मधेसी, शहिद परिवार, द्वन्द पिडित, स्टाफ र पाँच विकाश क्षेत्रका विद्यार्थीहरुको लागि केही सिट छुट्याइएको छ । पाँच विकाश क्षेत्रको क्षेत्रिय कोटाको लागि पूर्ण सरकारी अनुदानमा संचालीत सामुदायिक माध्यामिक विद्यालयवाट एस.एल.सी. परीक्षा उर्त्तिण गर्ने विद्यार्थीहरुलाई पहिलो प्राथमिकता दिइने हुँदा उक्त कोटामा भर्ना पाउन ईच्छुक भएमा आवेदकले आफुले एस.एल.सी. उर्त्तिण गरेको विद्यालय पूर्ण सरकारी अनुदान प्राप्त सामुदायिक विद्यालय भएको व्यहोरा सहितको सम्वन्धित जिल्ला शिक्षा कार्यालयको सक्कलै सिफारिस पत्र आवेदन फाराममा संलग्न गर्नुपर्नेछ । अन्यथा त्यस्ता आवेदन फाराम उपर कुनै कार्वाहि हुने छैन । त्यस्ता विद्यार्थीहरुको संख्या अपुग भएमा मात्र अन्य विद्यार्थीहरुलाई मेरीट योग्यताक्रमको आधारमा निर्धारीत कोटामा भर्ना लिइनेछ । छात्रा, कोटा र क्षेत्रिय कोटा वाहेक अन्य कोटामा भर्ना हुन इच्छुक विद्यार्थीहरुले आवेदन फारामसंग निम्नानुसार कोटाका लागि निम्नानुसार निकायको प्रमाण सहित तोकिएको अवधि र ढाँचामा नियमानुसार आवेदन दिनुपर्नेछ । साथै उक्त कोटाका लागि भर्ना पाउन इच्छुक भई आवेदन दिने आवेदकहरु मध्ये निर्धारित कोटामा योग्यताक्रमको आधारमा भर्ना लिईनेछ ।

**तपसिलः**

क) दलित कोटाः राष्ट्रिय दलित आयोग ।

ख) मधेशी कोटाः सम्वन्धित जिल्लाको जिल्ला प्रशासन कार्यालय ।

ग) जनजाती कोटाः आदिवासी जनजाती राष्ट्रिय महासंघ ।

घ) अपाङ्ग कोटाः बालवालिका महिला तथा समाज कल्याण मन्त्रालय

ङ) शहिद परिवार कोटाः नेपाल सरकार ।

च) द्वन्द पिडित परिवार कोटाः नेपाल सरकार ।

छ) स्टाफकोटाः सम्वन्धित शिक्षक/ कर्मचारी र आवेदकको नाता प्रमाणित हुने नागरिकता प्रमाणपत्र ।

१२) वि.एस्सी एजी (B.Sc.Ag.) का लागि १६५ जना विद्यार्थी भर्ना लिइनेछ । उपरोक्त संख्या विश्वविद्यालय संग नेपाल सरकार, नेपाल कृषि अनुसन्धान परिषद् तथा अन्य संघ संस्थावाट MOU भए बमोजिम मनोनयन भई आउने व्यक्तिहरु उल्लेखित कोटामा समावेश गरिएको छैन । निधारीत कोटा रिक्त हुन गएमा मेरीट कोटामा समावेश गरिने छ ।

**कोटा विवरणः**

| **सि.न.** | **विवरण** | **कृषि** |
|---|---|---|
| १ | मेरीट | ६९ |
| २ | बिकास क्षेत्र | २० |
| ३ | दलित | ५ |
| ४ | जनजाती | ५ |
| ५ | मधेशी | ५ |
| ६ | छात्रा | ८ |
| ७ | अपाङ्ग | २ |
| ८ | शहिद परिवार | १ |
| ९ | द्वन्द पिडित | २ |
| १० | स्टाफ कोटा सहुलियत | ४ |
| ११ | स्टाफ पूर्ण शुल्क | २ |
| १२ | पुर्ण शुल्क UDF | ४२ |
| | **जम्मा** | **१६५** |

**१३**. भर्ना हुनको लागि आवेदन फाराममा संलग्न सम्पूर्ण प्रमाणपत्रका प्रतिलिपीहरुको सक्कलै प्रमाणपत्रहरु अनिवार्य रुपमा ल्याउनु पर्नेछ ।

१४) अन्य विश्वविद्यालय वा शिक्षण संस्थावाट प्रमाण पत्र हासिल गरेका विद्यार्थीहरुले कृषि तथा वन विज्ञान विश्वविद्यालयमा नाम दर्ता (AFU Registration) गर्ने समयमा Migration Certificate को सक्कलै प्रति अनिवार्य रुपले बुझाउनु पर्नेछ । यदि उक्त Migration Certificate नवुझाई AFU Registration गर्न समस्या भएमा सोको जिम्मेवारी विश्वविद्यालयले लिने छैन ।

**१५** सवै विद्यार्थीलाई छात्रावास उपलब्ध गराउन संकाय वाध्य हुने छैन ।

१६) **अभिमुखीकरण कक्षा (Orientation Class):** २०७० पौष १६ गते बिहान ११:०० बजे कृषि संकाय, रामपुरमा संचालन हुनेछ ।

१७) **कक्षा संचालन:** २०७० पौष १७ गतेबाट हुनेछ ।

डीन
कृषि संकाय

वेभसाइट : www.afu.edu.np

**सम्पर्क कार्यालय:-** पो.व. नं. १३७१२ विनायक, धुर्वमार्ग, मीनभवन, काठमाण्डौं
फोन नं. : ०१-४१०६२४७, फ्याक्स नं. : ०१-४१०६२४८